नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं ।

# जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी बोलपत्र आह्वानको सूचना

सूचना प्रकाशित मितिः २०७७/०२/२२

यस कार्यालयका पूराना तपसिल बमोजिमका (आल्मुनियम, फलामका टुक्रा तथा टुक्रे काठ) लगायतका सामानहरू जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले सिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| लिलाम हुने सामानहरु | ब्राण्ड | न्यूनतम् मूल्य | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| आल्मुनियम,फलामका टुक्रा तथा पाइपहरु,सग्ला काठ, ढोका, चौकोस लगायत टुक्रे काठ,पार्टेसन प्लाइ आदि | - | रु.१४,६०,६२५/- (मू.अ.क.वाहेक) | २०००/- | |

१. बोलपत्र फाराम दस्तुर वापत रु. २०००/- (दुई हजार मात्र) पछि फिर्ता नहुने गरी तिरी सूचना प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरि २२ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । उक्त बोलपत्र फाराम यस कार्यालयको जिन्सी कक्षबाट खरिद गर्न सकिनेछ ।

२. इच्छुक इजाजत प्राप्त फर्मको हकमा फर्म संस्था दर्ताको प्रमाणित प्रतिलिपि, आ.व. २०७५/७६ को कर चुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा प्यान नं. र नेपाली नागरिकताको प्रतिलिपि सहितको निवेदन यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताको नाम थर, ठेगाना, फोन नं. समेत खुलाई लाहाछाप लगाई सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

४. बोलपत्रसाथ आफूले कबुल गरेका रकमको १० प्रतिशतले हुन आउने रकम एभरेष्ट बैङ्क, सिंहदरबारस्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको धरौटी खाता नं. १३५००१ मा जम्मा गरेको सक्कल भौचर पेस गर्नुपर्नेछ।

५. कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेको बोलपत्रमा अक्षरलाई मान्यता दिइनेछ र केरमेट भएको स्थानमा सही गरेको हुनुपर्नेछ, अन्यथा मान्यता दिईनेछैन ।

६. दर्ता भएको बोलपत्रहरू २२ औं दिन दिनको १:०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा खोलिनेछ र बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. लिलामसम्बन्धी बोलपत्र स्वीकृत भएपछि १५ दिनभित्र कबोल रकम दाखिला गरी सामान उठाई लैजानुपर्नेछ अन्यथा बोलपत्र रद्द गरी धरौटी जफत गरिनेछ ।

८. लिलाम हुने मालसामान हेर्न चाहनेले कार्यालय समयमा हेर्न सकिनेछ ।

९. लिलाम गरिने मालसामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

१०. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

११. यसमा नपरेका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

२०७७/०२/२१

शाखा अधिकृत